सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

सानीभेरी राजपत्र

खण्डः ७ संख्या :१३ मितिः २०८०/११/०१

# भाग-२

# सानीभेरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

।

## पोषणमैत्री स्थानीय तह घोषणाको लागि विशेष अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

**प्रस्तावनाः** सानीभेरी गाउँपालिका रुकुम(पश्चिम) लाई संघीय सरकारबाट प्राप्त पोषणमैत्री स्थानीय तह घोषणाको लागि बहुक्षेत्रीय पोषण सेवा विस्तार कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि सानीभेरी गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि निर्माण गरी जारी गरेको छ।

<u>परिच्छेद -१</u>

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यो कार्यविधिको नाम “पोषणमैत्री स्थानीय तह घोषणाको लागि विशेष अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०” हुनेछ।

१.२ यो कार्यविधि गाउँ कार्यपालिका बाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

**१.३ परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ।

(ख) "विषयगत शाखा" भन्नाले सानीभेरी गाउँपालिका अन्तर्गतका विभिन्न विषयगत शाखाहरु सम्झनुपर्छ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सानीभेरी गाउँपालिकाको सानीभेरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(घ) "कार्यविधि" भन्नाले "पोषणमैत्री स्थानीय तह घोषणाको लागि विशेष अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०" सम्झनुपर्छ।

(ङ) "गाउँपालिका" भन्नाले सानीभेरी गाउँपालिका रुकुम(पश्चिम) सम्झनुपर्छ।

(च) "कार्यपालिका" भन्नाले सानीभेरी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(छ) "समिति" भन्नाले सानीभेरी गाउँपालिका अन्तर्गतको पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति सम्झनुपर्छ।

(ज) "सम्पर्क व्यक्ति (Focal Person)" भन्नाले पोषणमैत्री स्थानीय तह घोषणाको लागि विभिन्न विषयगत क्षेत्रहरुसँग आवश्यक समन्वय गर्नको लागि जिम्मेवारी तोकिएको कर्मचारी सम्झनुपर्छ।

(झ) "कार्यक्रम" भन्नाले संघीय सरकारबाट गाउँपालिकालाई प्राप्त पोषणमैत्री स्थानीय तह घोषणाको लागि सञ्चालित बहुक्षेत्रीय पोषण सेवा विस्तार कार्यक्रम अन्तर्गत सञ्चालित सम्पूर्ण कार्यक्रमहरु सम्झनुपर्छ।

## परिच्छेद -२

**२.१ कार्यक्रमको बजेटः** सङ्घीय सरकार बाट सानीभेरी गाउँपालिकालाई प्राप्त पोषणमैत्री स्थानीय तह घोषणाको लागि बहुक्षेत्रीय पोषण सेवा विस्तार कार्यक्रमको बजेट सम्झनुपर्छ।

**२.२ कार्यक्रम कार्यान्वयनका क्षेत्रः** कार्यक्रम कार्यान्वयनका क्षेत्रहरु देहायबमोजिम हुनेछनः

(क) शिक्षा

(ख) स्वास्थ्य

(ग) कृषि विकास

(घ) पशुपन्छी विकास

(ङ) महिला तथा बालबालिका

(च) खानेपानी तथा सरसफाइ

(छ) शासकीय प्रवन्ध

**२.३ बजेट विनियोजनः** पोषणमैत्री स्थानीय तह घोषणाको लागि विभिन्न विषयगत क्षेत्रका लागि तोकिएका सूचकहरु हाँसिल हुने गरी पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको सिफारीसको आधारमा गाउँ कार्यपालिकाले तोके बमोजिम विभिन्न विषय क्षेत्रका लागि विशेष अनुदानको बजेट विनियोजन गरिनेछ।

**२.३ विभिन्न क्षेत्रमा बजेट विनियोजन गर्दा कम्तीमा देहाबमोजिमको मापदण्ड अवलम्वन गरिनेछः**

(क) शिक्षा तर्फ कम्तीमा १२ प्रतिशत

(ख) स्वास्थ्य तर्फ कम्तीमा १० प्रतिशत

(ग) कृषि विकास तर्फ कम्तीमा २० प्रतिशत

(घ) पशुपन्छी विकास तर्फ कम्तीमा २० प्रतिशत

(ङ) महिला तथा बालबालिका तर्फ कम्तीमा १८ प्रतिशत

(च) खानेपानी तथा सरसफाइ तर्फ कम्तीमा १० प्रतिशत

(छ) शासकीय प्रवन्ध तर्फ कम्तीमा १० प्रतिशत

**२.४ बजेट कार्यान्वयनको मुख्य क्षेत्रहरुः** कार्यक्रमको कार्यान्वयनको लागि सामान्यतया सत्तरी प्रतिशत बजेट पोषणमैत्री वडा घोषणाको लागि कार्यपालिका बाट छनौट भएको वडा र बाँकी तीस प्रतिशत बजेट अन्य वडाहरुमा  खर्च गरिनेछ।

**२.५ बजेट कार्यान्वयन प्रक्रियाः** कार्यक्रमको बजेट कार्यान्वयन गर्दा समिति तथा गाउँ कार्यपालिकाको निर्णय र प्रचलित कानूनको आधारमा गरिनेछ।

## परिच्छेद -३

**३.१ कार्यक्रम सञ्चालनः** कार्यक्रम सञ्चालनको लागि देहायबमोजिमका प्रक्रियाहरु अवलम्वन गरिनेछः

(क) विभिन्न विषयगत शाखाहरुबाट सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु माग गर्ने

(ख) माग गरिएका क्रियाकलापहरुलाई समिति बाट छनौट गरी कार्यपालिका बाट अनुमोदन गराउने

(ग) कार्यक्रम सञ्चालन गर्दा प्रचलित कानूनको पूर्ण रुपमा पालना गर्ने

(घ) नतिजा देखिने र उत्पादकत्व वृद्धि गर्ने क्रियाकलापहरु छनौट तथा सञ्चालन गर्ने

(ङ) कार्यक्रम सञ्चालन गर्दा कृषि र पशुपन्छी क्षेत्रलाई मुख्य प्राथमिकता दिने

(च) पोषणमैत्री वडा र स्थानीय तह घोषणाका लागि आवश्यक सूचकहरु पूरा हुने गरी कार्यक्रम सञ्चालन गर्ने

(छ) कार्यक्रम सञ्चालनको लागि सम्बन्धित विषयगत क्षेत्रलाई बढी जिम्मेवार बनाउने

**३.२ कार्यक्रमको अनुगमनः** गाउँपालिकाको अनुगमन समिति बाट कार्यक्रमको नियमित रुपमा अनुगमन गरिनेछ।

## परिच्छेद -४

**४.१ सम्पर्क व्यक्ति तोक्नेः** कार्यक्रम सञ्चालनको लागि विभिन्न विषयगत क्षेत्रहरु सँग आवश्यक समन्वय गर्नको कुनै कर्मचारीलाई कार्यपालिकाले सम्पर्क व्यक्ति (Focal Person) तोक्नेछ।

४.२ गाउँपालिकाका विभिन्न विषयगत शाखाहरुले आ-आफ्नो क्षेत्रका कार्यक्रम सञ्चालन गर्दा सम्पर्क व्यक्ति सँग समन्वय गर्नुपर्नेछ। ।

४.३ विभिन्न विषयगत शाखाहरुले कार्यक्रम सञ्चालन गर्दा एक आपसमा दोहोरोपना (Duplication) नहुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ

४.४ सम्पर्क व्यक्तिले विभिन्न क्षेत्रका कार्यक्रमहरु सञ्चालनको लागि आवश्यक समन्वय, सहयोग र सहजीकरण गर्नुपर्नेछ।

## परिच्छेद -५

**५.१ सूचकहरुः** कार्यक्रम कार्यान्वयनको लागि विभिन्न विषयगत क्षेत्रका लागि देहायबमोजिमका सूचकहरु हुनेछन।

| क्र.स | सूचकहरु | न्युनतम लक्ष्य प्रतिशत |
|---|---|---|
| १ | विषयगत क्षेत्रः स्वास्थ्य | |
| १.१ | गर्भवती महिलाले कम्तिमा ४ पटक पूर्व प्रसुति जाँच गरेको | ८० % |
| १.२ | सुत्केरी महिलाले कम्तिमा ३ पटक उत्तर प्रसुति जाँच गरेको | ८० % |
| १.३ | गर्भवती महिलाले कम्तिमा २ पटक टिडि खोप पाएको | ९० % |
| १.४ | १८० आइरन चक्की खाने गर्भवती महिलाहरु | ९० % |
| १.५ | स्वास्थ्य संस्थामा सुत्केरी गराउने | ८० % |
| १.६ | तालिम प्राप्त स्वास्थ्यकर्मीबाट सुत्केरी गराएको | ८० % |
| १.७ | ५ वर्ष मुनीका बालकालिकाहरुले वर्षमा २ पटक भि.ए.क्या. र जुकाको औषधी पाएको | ९५% |
| १.८ | २४ महिना सम्मका बालकालिकाहरुले नियमित बृद्धि अनुगमन गरेको | ८० % |
| १.९ | जन्मेदेखि ६ महिनासम्म पूर्ण स्तनपान गराएको | ८० % |
| १.१० | स्तनपानका साथै सही समयमा थप खानाको सुरुवात गरेको | ८०% |
| १.१५ | कम तौलका शिशुको जन्म | २% |
| १.१६ | आयोडिनयुक्त नुन खाने घरधुरी प्रतिशत | ९५% |
| १.१७ | पूर्ण खोपयुक्त स्थानीय तहरवडा | १००% |
| १.१८ | १८० स्याचेट बालभिटा वितरण गरेको बालबालिका | ८० % |
| १.१९ | बालबालिकाहरुलाई बालभिटा नियमित खुवाउने | ८० % |
| १.२० | गर्भवती अवस्थामा थप पटक तथा पोषिलो खाना खाने | ८० % |
| १.२१ | सुत्केरी अवस्थामा थप पटक तथा पोषिलो खाना खाने गरेको | ८० % |
| १.२२ | ६ देखि २३ महिनाका बालबालबालिकाहरुलाई मातृशिशु बाल्यकालिन पोषणको मापदण्ड अनुसार खाना खुवाउने आमाहरु | ९५% |
| १.२३ | बालबालिकाहरुलाई झाडा पखाला लागेको बेला जिंक चक्की र जिवनजल खुवाउने | ८० % |

| क्र.स | सूचकहरु | न्युनतम लक्ष्य प्रतिशत |
|---|---|---|
| १.२४ | स्वास्थ्य आमा समूहहरुको बैठकमा नियमित सहभागिता हुने सुनौला हजार दिनका आमाहरु | ८० % |
| १.२५ | पोषण मैत्री घोषणा भएका वा मापदण्ड पुगेका स्वास्थ्य संस्थाहरु | ८० % |
| १.२५ | खानेपानी तथा सरसफाइका लागि आवश्यक मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थाहरु | ८० % |
| २ | विषयगत क्षेत्रः शिक्षा | न्युनतम लक्ष्य |
| २.१ | नियमित आइरन चक्की सेवन गर्ने विद्यालयभित्र रहेका १० देखी १९वर्षका किशोरीहरु | ९० % |
| २.२ | बालविवाह, छाउपडी प्रथा विरुद्धको अभियान, सडक नाटक, वादविवाद, हाजिरीजवाफ जस्ता पोषण संवेदनशिल अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने माध्यमिक विद्यालय | ९५% |
| २.३ | प्रारम्भिक बालविकास संचालन भएका आधारभूत तहका विद्यालय | ९५% |
| २.४ | जंक फुड निषेधित तथा दिवाखाजा व्यवस्था भएका आधारभूत विद्यालय | ९५% |
| २.५ | पोषण कर्नर तथा साबुनपानीले हात धुने स्थान भएका विद्यालयहरु | ९५% |
| २.६ | विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघको बैठकमा पोषण सम्बन्धी विषयवस्तु छलफल गर्ने विद्यालय | ९५% |
| २.७ | सफा सौचालय भएका विद्यालय | ९५% |
| २.८ | विद्यालय वरिपरिको वातावरण सफा भएका विद्यालय | ९५% |
| २.९ | बालबालिकाहरुको लागि सफा र शुद्ध खानेपानी सुबिधा भएका विद्यालय | ९५% |
| २.१० | जेष्ठको पहिलो हप्ता बालबालिकाहरुको प्रारम्भिकजाँच गर्ने विद्यालय | ९५% |
| २.११ | अर्धवार्षिक रुपमा जुकाको औषधी खाने बालबालिकाहरु | ९०% |
| २.१२ | विद्यालयमा प्राथमिक उपचार बाकस उपलब्ध भएका विद्यालयहरु | ९५% |
| २.१४ | बाल क्लव गठन तथा परिचालन गरिरहेका विद्यालयहरु | ९५% |
| ३ | विषयगत क्षेत्रः महिला तथा बालबालिका | न्युनतम  लक्ष्य |
| ३.१ | विद्यालय बाहिर रहेका १० देखी १९वर्षका किशोरीहरुले आइरन चक्की सेवन | ९०% |
| ३.२ | महिला तथा बालबालिकामा हुने लैङ्गिक हिंसा सम्बन्धी ज्ञान भएका किशोरीहरु | ८०% |
| ३.३ | २०वर्ष मुनिको विबाह कानूनी रुपमा दण्डनीय छ भनेर जानकार किशोर किशोरीहरु | ८०% |
| ३.४ | श्रीमतीलाई सुनौला १००० दिनको अवधिमा सहयोग गर्नु पर्छ र पोषिलो खाना खुवाउनु पर्छ भनेर जानकार श्रीमानहरु | ८०% |
| ३.५ | बुहारीलाई सुनौला १००० दिनको अवधिमा सहयोग गर्नु पर्छ र पोषिलो खाना खुवाउनु पर्छ भनेर जानकार श्रीमानहरु | ८०% |
| ३.६ | छोरा र छोरीलाई विभिद गरिनु हुँदैन भनेर जानकार तथाअभ्यास गरिरहेका बुवाहरु | ८०% |
| ३.७ | घरमा छाउगोठ भएका घरधुरीहरु | ०% |
| ४ | विषयगत क्षेत्रः खानेपानी तथा सरसफाई | न्युनतम लक्ष्य |
| ४.१ | स्वच्छ खानेपानीको लागि पानी शुद्धिकरणको व्यवस्था तथा सुविधा (फिल्टर आदि) भएका घरधुरी | ९५% |
| ४.२ | व्यवस्थित तथा सफा शौचालय भएका घरधुरी प्रतिशत | ९५% |
| ४.३ | सावुनपानीले हातधुने (६ वटै अवस्थामा) बारेमा ज्ञानभएका सुनौला १००० दिनका आमाहरु | ९०% |
| ४.४ | वरिपरिको वातावरण सफा र सुरक्षित रहेका खानेपानीका मुहानहरु | ९०% |
| ४.५ | गुणस्तर जाँच गरिएका खानेपानीका मुहानहरु | ८०% |
| ४.६ | फोहोर पानी पुनः प्रयोग गर्ने गरी जुठेल्नो सुधार भएका घरधुरीहरु | ८०% |
| ४.७ | धुवारहित चुलो तथा भान्साको व्यवस्थापन (ग्याँस, झ्याल भएको) | ७०% |

| क्र.स | सूचकहरु | न्युनतम लक्ष्य प्रतिशत |
|---|---|---|
| ४.८ | फोहर फाल्ने खाल्डो भएका घरधुरी | ८०% |
| ४.९ | पशु मलमुत्र व्यवस्थापन भएका घरधुरी | ७०% |
| ४.१० | भाडा सुकाउने च्याङ र मोरी (हातधुने स्थान) भएका घरधुरी | ९५% |
| ५ | विषयगत क्षेत्रः कृषि विकास | न्युनतम लक्ष्य |
| ५.१ | करेसाबारी को महत्वबारे ज्ञान भएका घरधुरी | ८०% |
| ५.२ | करेसाबारी स्थापना गरेका घरधुरी | ८०% |
| ५.३ | रैथाने बाली (कोदो, फाँपर) हरु संरक्षण बारे ज्ञान तथा अभ्यास गरिरेका घरधुरी | ८०% |
| ५.४ | कम्पोष्ट मलको महत्व तथा बनाउने ज्ञान र सिप भएका घरधुरी | ८०% |
| ५.५ | अन्नजन्य खाना तथा गेडागुडी बाह्रै महिना उपलब्ध हुने (उत्पादन वा किनेर) घरधुरी | ८०% |
| ६ | विषयगत क्षेत्रःपशुपन्छी विकास | न्युनतम लक्ष्य |
| ६.१ | पशुपंक्षीपालन सम्बन्धी ज्ञान भएका घरधुरी | ८०% |
| ६.२ | खानका लागि घरमा दुध वा दुधजन्य खाना उपलब्ध भएका घरधुरी | ८०% |
| ६.३ | कुखुरा पालन गरेका वा घरमा खानका लागि अण्डा उपलब्ध भएका घरध्ुरी | ८०% |
| ७ | विषयगत क्षेत्रः शासकीय प्रबन्ध | न्युनतम लक्ष्य |
| ७.१ | बाल नगद अनुदानलाई पोषणमा लगानी गर्ने घरधुरी | ८०% |
| ७.२ | पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन (स्थानीय तह) | भएको हुनुपर्ने |
| ७.३ | पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन (वडा तह) | भएको हुनुपर्ने |
| ७.४ | पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक (स्थानीय तह) | नियमित हुनुपर्ने |
| ७.५ | पोषण तथाखाद्य सुरक्षा निर्देशक समितिको बैठक (वडा तह) | नियमित हुनुपर्ने |
| ७.६ | वस्ती स्तरबाट पोषण योजना माग भएको नभएको र बजेट विनियोजन भए नभएको | भएको हुनुपर्ने |
| ७.७ | स्थानीय तहमा पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमहरुको योजना तथा कार्यान्वयनको संयोजन गर्न कार्यपालिका सदस्यलाई संयोजक तोके नतोकेको | तोकेको हुनुपर्ने |
| ७.८ | विषयगत शाखाहरुबाट पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमहरुको सम्पर्क व्यक्ति | तोकेको हुनुपर्ने |
| ७.९ | स्थानीय तहले पोषण कार्यक्रमका लागि कम्तीमा बजेट छुट्टयाइएको रकम | २० लाख |
| ७.१० | नगर सभाबाट पोषण सम्बन्धी नीति तथा कार्यक्रम पारित | भएको हुनुपर्ने |
| ७.११ | स्थानीय तहको दीर्घकालीन, आवधिक तथा वार्षिक कार्यक्रममा बहुक्षेत्रीय पोषण योजना अनुसारका कार्यक्रम समावेश | भएको हुनुपर्ने |
| ७.१२ | स्थानीय तहमा कार्यरत कर्मचारीहरुको लागि क्षमताअभिबृद्धि सम्बन्धी क्रियाकलापहरु सञ्चालन | भएको हुनुपर्ने |
| ७.१३ | स्थानीय तहको पोषण पाश्ववचित्र तयार भए नभएको | भएको हुनुपर्ने |
| ७.१४ | पालिका तथा वडा कार्यालयमा पोषण कर्नर स्थापना भए नभएको | भएको हुनुपर्ने |

५.२ कार्यक्रम सञ्चालन गर्दा दफा ५.१ का सूचकहरु प्राप्तीको सुनिश्चितता हुने गरी विभिन्न विषयगत क्षेत्रहरुले योजना निर्माण गरी त्यसको कार्यान्वयन गर्नुपर्नेछ।

## परिच्छेद -६

**६.१ सशोधनः** यस कार्यविधिमा आवश्यक संशोधन गर्नुपरेमा गाउँ कार्यपालिकाको निर्णय अनुसार गरिनेछ।

**६.२ बचाउः** बहुक्षेत्रीय पोषण सम्बन्धी यस भन्दा अगाडी भएका कामकाजहरु यसै कार्यविधि अनुसार भएका मानिनेछन।

आज्ञाले
दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत